आज मिति २०८२।०६।१० गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री देवीराम बेल्बासे | नि. प्र.प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

बैठक नं. ०३/२०८२।०८३

**मिति :२०८२।०६।१० गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८२।०५।०५ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने /गराउने निर्णय गरियो।

२. **आ.व. २०८२।०८३ को आय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको २०८२ भदौ महिना सम्ममा आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ १५.४३ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ०.२८ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व शाखाबाट प्राप्त विवरण अनुसार २०८२ भदौ महिना सम्ममा ६१ लाख २६ हजार ३ सय ८५ रुपैयाँ मात्र राजश्व संकलन भएको जानकारी प्राप्त भयो।

३. **किसान सूचीकरण कार्यक्रमको निरन्तरता सम्बन्धमा।**

**निर्णय :** आर्थिक वर्ष २०८२।०८३ मा बुद्धभूमि नगरपालिकाको वडा नं. १, २, ३, ९ र १० मा किसानहरूको तथ्यांक संकलन भई सकेको हुँदा यस आर्थिक वर्षमा पहिले खटिएका गणकहरूबाट बुद्धभूमि नगरपालिकाको वडा नं. ४, ५, ६, ७ र ८ मा तथा पहिले संकलनको क्रममा छुट भएका वडाहरूमा कृषकहरूको तथ्यांक संकलन गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो।

४. **सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि आ.व. २०८२।०८३ को सत्रौं नगरसभाबाट पारित बार्षिक विकास योजना पुस्तिकाको पेज नं. ७८ को चालु तथा प्रशासनिक विविध खर्च तर्फको सि.नं. ५ मा सुरक्षित वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) र नगरपालिका शिर्षकमा विनियोजित रू. ७,००,०००।- रकम मध्येबाट बुद्धभूमि नगरपालिका भित्रका व्यक्ति वैदेशिक रोजगारी तथा उच्च शिक्षाको लागि वैदेशिक रोजगारीमा रहदा कामदार र कामदारका परिवारको उचित संरक्षण तथा गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रूपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतको सहयोग प्रदान र बैदेशिक रोजगारीमा सम्बद्ध निकायहरूको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगार थप उपलब्धि मुलक बनाउने कामदारलाई सीप विकास तालिम, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कक्षा सञ्चालन तथा आन्तरिक रोजगार प्रवर्द्धनको लागि ज्ञान सीप विकास गर्न तपसिल अनुसारको कार्यक्रमको लागि बजेट/कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। साथै वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि वडा नं. १, ३ र

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

९ मा सञ्चालन गर्ने र प्रति सहभागी रू. ५०।- को दरले खाजा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

Safer Migration Program- IVPhase

Employment Promotion Program

*Program Implementing Local Government : Buddhabhumi Municipality*

Program Duration: 1sth Sharwan 2082 to 31 Asar 2083

(२०८२ साउन १ गते देखि २०८३ असार ३१ गते सम्म)

| S.N. | Activities | Quantity | Unit | Unit Rate | Total Cost |
|---|---|---|---|---|---|
| | **वित्तीय साक्षरता कक्षा सञ्चालन वडा नं. १, ३ र ९** | | | | |
| १ | वित्तीय साक्षरता कक्षा सञ्चालन (प्रत्येक वडामा २१ हप्ता कक्षा सञ्चालन गर्नुपर्ने) | 2 | Event | 50,000 | 100,000 |
| | कार्यालय संचालन | | | | |
| १ | वित्तीय साक्षरता कक्षाको अनुगमन (२ पटक) | | Event | | 15,000 |
| २ | वित्तीय साक्षरता र मनोसामजिक पुस्तक छपाई | 50 | unit | 300 | 15,000 |
| | Activities budget | Target | Unit | Unit Rate | Amount |
| ३ | स्थानीय तह सरकार परियोजना व्यवस्थापन समितिको बैठक | 1 | Time | 20,000 | 20,000 |
| ४ | बैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण तालिम | 1 | Event | 150,000 | 150,000 |
| ६ | बैदेशिक रोजगारीमा जाने तयारीमा रहेका कामदार तथा १०+२ र स्नातक तहमा अध्ययरत विद्यार्थीहरूलाई १ दिने गहन अभिमुखीकरण कार्यक्रम | 5 | Event | 80,000 | 400,000 |
| | Grand Total Budget | | | | 700,000 |

५. **अर्थ मन्त्रालयको प्रेस विज्ञप्ति सम्बन्धमा।**

**निर्णय** : अर्थ मन्त्रालयको मिति २०८२।६।०७ गतेको सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरूत्थान र राहत समेतका लागि विकास आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद् बाट मिति २०८२।०६।०५ गतेको निर्णय समेतको आधारमा जारी भएको प्रेस विज्ञप्तिको सम्बन्धमा छलफल तथा जानकारी प्राप्त भयो सो सम्बन्धमा भएका निर्णयहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

६. **विविध।**

**क) आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णयः** कर्मचारी मिलन केन्द्र तौलिहवा, कपिलवस्तुको च.नं. ०५ मिति २०८२।०५।१८ गतेको आवश्यक सहयोग सम्बन्धमा लेखिएको पत्रानुसार सामाजिक तथा खेलकुद कार्यक्रमको लागि आर्थिक सहयोग माग भई आएकोमा अन्य संघ संस्था सहायता शिर्षकबाट रू. ३५,०००।– (पैतिस हजार रूपैयाँ मात्र) दिने निर्णय गरियो।

**ख) सुरक्षा निकाय सहयोग सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका भित्र रहेका इलाका प्रहरी कार्यालय, गोरूसिंगे, सुरक्षा वेश क्याम्प, चौरी तथा प्रहरी चौकीहरूलाई चाडपर्वको बेलामा हुन सक्ने सुरक्षा चुनौती व्यवस्थापन गर्न तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**तपसिलः**

१. इलाका प्रहरी कार्यालय, गोरूसिंगेलाई रू. १०,०००।– मात्र

२. सशस्त्र वेश क्याम्प चौरीलाई रू. ७,०००।– मात्र

३. पत्थरकोट, बुड्ढी तथा प्रेमनगर प्रहरी चौकी प्रत्येक लाई रू. ५,०००।– का दरले

**ग) वडा नं. १० को पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. १० को च.नं. ९२२ मिति २०८२।०६।०९ गतेको पत्रानुसार वडा नं. १० धनकौली बस्ने द्वारिका अहिरको छोरा त्रिवेणी अहिरको घरमा मिति २०८२।०६।०१ गते साँझ ५:०० बजे अविरल बर्षका कारण घर भत्किएको र सामानहरूको नोक्सान भई बसोबास गर्न समस्या भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**घ) विजयादशमी, दिपावली, छठ पर्व तथा नेपाल सम्वत् शुभकामना सम्बन्धमा।**

**निर्णयः** नेपालीहरूको महान चाड विजयादशमी, शुभ दिपावली, नेपाल सम्बत् तथा छठपर्व (२०८२ सालको) पावन अवसरमा आम नगरवासी, आमाबुवा, दाजुभाई, दिदीबहिनीहरू, साथै देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, दिर्घायु, सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ङ) **श्रद्धाञ्जली तथा समवेदना सम्बन्धमा।**

**निर्णयः** मिति २०८२ साल भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलनको क्रममा मृत्यु हुने भाईबहिनीहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै उक्त आन्दोलनको क्रममा घाइते हुनु भएका सम्पूर्ण भाईबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। बुद्धभूमि नगरबासी दाजुभाई, दिदीबहिनी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी एवं सुरक्षा निकायको सुझबुझ पूर्ण निर्णय, साथ र सहयोगबाट यस नगरपालिका कार्यालय तथा वडा कार्यालय लगायतका सरकारी संरचनामा क्षती नगरी सुरक्षित राख्नु भएकोमा नगरपालिका हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्ने। साथै आन्दोलनको क्रममा सार्वजनिक तथा निजी संरचनामा क्षति गर्ने व्यक्ति पहिचान भएको खण्डमा सम्बन्धित निकायमा कारवाहीको लागि पठाउने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

२०८२/०६/१०
केशव कुमार श्रेष्ठ
नगर प्रमुख